शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति
२०७८।२।२६ को मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

# विद्यालय सामाजिक परीक्षण (Social Audit) मापदण्ड २०७८

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
२०७८

# विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८

<u>प्रस्तावना:</u> विद्यालय शिक्षाको समग्र शैक्षिक व्यवस्थापकिय पक्ष तथा सञ्चालित कार्यक्रम बजेट एवं प्राप्त स्रोत साधनको मितव्ययी ढंगले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिलाई सहभागितामूलक पारदर्शी एवं जवाफदेहि बनाइ विद्यालय शिक्षा पद्दतिको सुदृढीकरण गर्न वाञ्छनीय भएकोले,

अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७७ जारी जारी गरिएको छ

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस मापदण्डको नाम " विद्यालय सामाजिक परीक्षण (Social Audit) मापदण्ड २०७८" रहेको छ ।

(२) यो मापदण्ड स्वीकृत भएका मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ संशोधनसहित सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका सामुदायिक तथा सँस्थागत विद्यालय सम्झनु पर्छ ।

(च) "विज्ञ" भन्नाले शिक्षा शास्त्रमा स्नातकोत्तर योग्यता प्राप्त माध्यमिक शिक्षक, शिक्षा सेवाको अधिकृत/विद्यालय निरीक्षक, विद्यालय शिक्षा वा शिक्षा प्रशासन सेवाबाट निवृत्त व्यक्ति समेत सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ज) "शाखा" भन्नाले सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने महाशाखा वा शाखा सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले शिक्षा नियमावलीको नियम १७१ क. बमोजिमको सामाजिक परीक्षण समिति सम्झनु पर्छ ।

(ञ) "सामाजिक परीक्षण" भन्नाले विद्यालयहरुबाट बनाईएका योजना, कार्यक्रम एवं बजेट कार्यान्वयन, शैक्षिक भौतिक एवं व्यवस्थापनमा भएको लगानी र विद्यार्थी सिकाइ उपलब्धिको अवस्थासहितको प्रतिफलको विश्लेषण तथा शैक्षिक गतिविधिहरुको परीक्षण सम्झनु पर्दछ ।

(ट) सरोकारवाला" भन्नाले विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालयसँग सम्बन्धित व्यक्ति, समुदाय, निकाय, सङ्घ, संस्था वा पदाधिकारी समेत सम्झनु पर्छ ।

३. <u>विद्यालयले सामाजिक परीक्षण गराउनु पर्ने:</u> (१) विद्यालयले प्रत्येक वर्ष नियमावलीको नियम १७१ (क) बमोजिमको समितिबाट सामाजिक परीक्षण अनिवार्य रूपमा गराउनु पर्नेछ ।

(२) सामाजिक परीक्षणका लागि गरिने तयारी, छलफल एवं निर्णय गर्दा स्थानीय तहको सामाजिक/शिक्षा समितिको संयोजक वा प्रतिनिधिको सहभागीता गराउनुपर्नेछ ।

(३) समितिले सामाजिक परीक्षण गराउनु पूर्व विज्ञहरुसमेतको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमको प्राविधिक उपसमिति गठन गर्नु पर्नेछ ।

(क) समितिले मनोनित गरेको विज्ञ -संयोजक

(ख) विद्यालयका शिक्षकहरु मध्येबाट प्रधानाध्यापकले तोकेको एक जना - सदस्य

(ग) विद्यालयबाट निकटतम छिमेकी विद्यालयका शिक्षा शास्त्र संकायमा स्नातक महिला शिक्षक मध्ये वडा कार्यालयले तोकेको एक जना -सदस्य

(४) उपदफा (३) अनुसार गठन भएको समितिले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, व्यवस्थापकीय पक्षको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न गर्नु पर्नेछ ।

(५) समितिले निर्माण गरेको विज्ञहरुको प्राविधिक उपसमितिको प्रतिवेदनसहित गत आर्थिक वर्षको सामाजिक परीक्षण प्रतिवेदन प्रत्येक वर्षको पहिलो चौमासिक भित्रमा सरोकारवालाहरूको भेला गराई छलफलका लागि प्रस्तुत गर्नुपर्नेछ ।

(६) विद्यालय रहेको स्थान क्षेत्रमा बाडी पहिरो वा अन्य कुनै किसीमको विपत वा महामारी भएका कारण उपदफा (५) अनुसार भेला गराउन नसिकने अवस्था भएमा सो विषयको कैफियत जनाई सार्वजनिक सुचना प्रकाशन गर्नु पर्नेछ ।

(७) समितिले विद्यालयको सामाजिक परीक्षण गर्दा एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली Integrated Educational Management Information System (IEMIS) मा रहेको School Report Card को आधारमा अवस्था विश्लेषण गरी सकारात्मक र सुधार गरिनु पर्ने विषय स्पष्ट खुलाइ सोको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(८) उपदफा (४) बमोजिमको प्रतिवेदनमा अघिल्लो आर्थिक वर्षको सामाजिक परीक्षण प्रतिवेदनका सुझावको कार्यान्वयनको स्थिति समेत उल्लेख गर्नुपर्नेछ ।

(९) उपदफा (५) बमोजिमको भेलाबाट प्राप्त सुझाव तथा छलफलको निष्कर्षलाई समितिले आफ्नो प्रतिवेदनमा समावेश गरी अन्तिम प्रतिवेदन तयार पार्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम तयार भएको अन्तिम प्रतिवेदन कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति समक्ष पेशगर्नु पर्ने छ ।

**४. सामाजिक परीक्षण समितिको वैकल्पिक व्यवस्था:** (१) विशेष कारणवस विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठन हुन बाँकी रहेको अवस्था भएमा स्थानीय तहले सोको यकिन गरी सम्बन्धित विद्यालय रहेको वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा एक तदर्थ समिति गठन गरी सो मार्फत् सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(२) समितिका अन्य सदस्यहरु शिक्षा नियमावलीको नियम १७१क बमोजिम नै हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिको दायित्व र काम कर्तव्य दफा ३ बमोजिम गठित समिति सरह हुनेछ ।

**५. विद्यालयमा सामाजिक परीक्षणको विषयवस्तु:** (१) विद्यालयको सामाजिक परीक्षण गर्दा देहायका विषयवस्तुहरु तथा क्षेत्रहरु अनुसूची–१ अनुसार समेटनु पर्नेछ ।

(क) विद्यालय सुधार योजना, विद्यालय विकास योजना, वार्षिक कार्य योजना कार्यान्वयनको अवस्था,

(ख) विद्यालय सेवा क्षेत्रमा विद्यालयको पहुँच तथा सेवा क्षेत्रका सबै बालबालिका विद्यालयमा भर्ना भए नभएको,

(ग) वार्षिक विषयगत, कक्षागत र तहगत सिकाइ उपलब्धिस्तर तथा शिक्षकबाट भएका कार्यमूलक अनुसन्धान, घटना अध्ययन प्रतिवेदनहरु,

(घ) विद्यालय सुरक्षाको अवस्था, विद्यालयको बालमैत्री तथा लैङ्गिकमैत्री वातावरण (शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट प्रयुक्त व्यवस्थापन परीक्षण सूचकहरुसहित),

(ङ) शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग र व्यवस्थापन,

(च) भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थापन, भवन, उपयुक्त कक्षा कोठा, खेलमैदान, घेराबार),

(छ) खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी १० सूचकहरु (पानी सहितको छात्र तथा छात्रा शौचालय, शौचालयको सञ्चालन अवस्था (ढोकाको छेस्किनी, युरिनलको उचाइ, अपांगतामैत्रीपन आदि),

(ज) समुदाय विद्यालय सम्बन्ध, अभिभावक भेला, छलफलका विषयवस्तु, विद्यालयप्रति अभिभावकको दृष्टिकोण र सामाजिक सम्बन्ध,

(झ) विद्यालयको वार्षिक आयव्ययको र बेरुजुको अवस्था,

(ञ) शिक्षक विद्यार्थी, शिक्षक–शिक्षक, विद्यालय समुदाय सम्बन्ध सामुदायिक संघ सस्थाहरुसँगको सम्बन्ध, समन्वय र सहयोग

(ट) विद्यालयको पूर्वाधार विकास, स्वीकृत वजेट र तोकिएको समयमा गुणस्तरीय कार्य सम्पन्न भए नभएको (बेरुजुको अवस्था),

(ठ) विद्यालयमा निशुल्क दिवा खाजा तथा सेनिटरी प्याड व्यवस्थापन,

(ड) अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था, पाप्त सुझाव कार्यान्वयन आदि),

(ढ) शिक्षक तथा विद्यार्थीको नियमितता तथा जिम्मेवारी पालना गरे नगरेको, अपनत्व, पारदर्शिता, सुशासनको अवस्था,

(ण) पर्यावरणीय प्रभाव तथा विद्यालयले सामुदायिक विकासमा पारेको सामाजिक आर्थिक प्रभाव

(त) विविधताको सम्मान (भाषा, धर्म, लिङ्ग) सांस्कृतिक संरक्षणमा योगदान,

(थ) विद्यालय सञ्चालनको दिगोपन (वित्तीय, विद्यार्थी संख्या, शैक्षिक विकास तथा सहयोग),

(द) गुनासो सुनुवाई कार्यान्वयनको अवस्था (गुनासो पेटिका व्यवस्थापन),

(ध) विद्यार्थीको सिकाइ र व्यवहारिक जीवनको सम्बन्ध

(न) विद्यालयमा सूचना प्रविधिको प्रयोगको अवस्था,

(२) दफा (३) को उपदफा (९) बमोजिम तयार भई स्वीकृत सामाजिक परीक्षण प्रतिवेदनलाई लेखा परीक्षकले लेखापरीक्षणको विषयवस्तु बनाउनु पर्नेछ ।

**६. विद्यालयमा व्यवस्थापन समितिले सामाजिक परीक्षण समितिलाई विवरण उपलब्ध गराउनु पर्ने**

(१) सामाजिक परीक्षणको लागि समितिले माग गरेका देहायका विवरण उपलब्ध गराउने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको बैठक निर्णय पुस्तिका,

(ख) समुदायको सहभागीतासँग सम्बन्धित अभिभावक भेला सिकाईमा अभिभावकको सहभागिता साझेदारी शिक्षक कर्मचारी बैठकसम्बन्धी विवरण र भएका निर्णयहरु,

(ग) विद्यालयको स्वामित्वमा भएको सम्पति विवरण,

(घ) विद्यालय वातावरणमा भएका सुधार खेलमैदान खानेपानी शौचालयको विवरण,

(ङ) विद्यार्थीहरुको बसाई व्यवस्थापन फर्निचर उपलब्धता र प्रयोग,

(च) शैक्षिक सामग्री उपलब्धता र प्रयोग,

(छ) पुस्तकालय प्रयोगशालाको विवरण,

(ज) पारदर्शीताका लागि अपनाईएको माध्यम सूचनापाटी बुलेटिन पुस्तिका आदि,

(झ) सेवाक्षेत्र भित्रका जनसँख्या, विद्यालय आएका अन्य विद्यालयमा स्थानान्तरण गएका विद्यार्थीको विवरण,

(ञ) विद्यार्थी औसत उपलब्धि र विद्यार्थीको खण्डीकृत (अपाङ्गता समेत) को विवरण,

(ट) वर्षभरीमा विद्यालय खुलेको दिन परीक्षा सञ्चालन भएका दिन खुद पढाई भएका दिन,

(ठ) शिक्षकहरुको उपस्थिति र सिकाई सहजीकरणमा सहभागीता भएको जम्मा दिन,

(ड) विद्यार्थीको सिकाई उपलब्धिसम्बन्धी विवरण,

(ढ) आर्थिक पक्षसँग सम्बन्धित आय व्यय विवरण,

(त) दिवा खाजा व्यवस्थापनसम्बन्धी विवरण,

(थ) एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त हुने विद्यालय प्रोफाइल,School Report Card,

(२) विद्यालय व्यवस्थापन समितिबाट उपलब्ध भएको विवरणका सन्दर्भमा परीक्षण समितिले विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग थप छलफल राय लिन सक्नेछ ।

(३) विद्यालयमा गरिने सामाजिक परीक्षण गर्दा अनुसूची–१ मा व्यवस्था भएको ढाँचा बमोजिम हुनेछ ।

**७. विद्यालयमा सामाजिक परीक्षणको ढाँचा र प्रतिवेदनको ढाँचाः** (१) विद्यालयमा गरिने सामाजिक परीक्षण गर्दा अनुसूची–१ मा व्यवस्था भएको ढाँचा बमोजिम हुनेछ ।

(२) सामाजिक परीक्षण पश्चात अनुसची २ को ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

**८. प्रतिवेदन दिने** (१) समितिले विद्यालयको सामाजिक परीक्षण गरी सो को प्रतिवेदन एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त हुने School Report Card समेत संलग्न पहिलो चौमासिक भित्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(२) शाखाले सबै विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन अध्ययन गर्नुपर्नेछ ।

(३) उपदफा (२) अनुसार अध्ययन गर्दा थप स्पष्ट गर्न आवश्यक भएमा स्थलगत रुपमा निरीक्षण अनुगमन गर्न वा समितिका पदाधिकारीहरुसँग थप छलफल गर्न र समितिले दिएको प्राप्तांक पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन र उपदफा (३) बमोजिम अंक पुनरावलोकन पश्चात कायम भएको मूल्यांकनमा विद्यालयहरुले प्राप्त गरेको नतिजा उच्चतम अंकदेखि न्युनतम अंक सहितको समष्टिगत प्रतिवेदन स्थानीय तहले सार्वजनिक गर्नुपर्नेछ ।

(५) सार्वजनिक भएको नतिजाका आधारमा स्थानीय तहले सुधारका कार्यक्रम सञ्चालन गर्नका लागि विद्यालयलाई आवश्यक सहयोग समन्वय एवं सहजीकरण गर्नुपर्नेछ ।

(६) सामाजिक परीक्षण प्रतिवेदन विद्यालयमा आयोजना भएको अभिभावक भेलामा अनिवार्य रुपमा जानकारी गराउनुपर्नेछ ।

(७) सार्वजनिक भएको नतिजाका आधारमा विद्यालयहरुलाई प्राविधिक सहजीकरण गर्नुपर्ने विषयका लागि उपलब्ध गराउनु पर्ने विषयसमेत समावेश गरी शाखाले शिक्षा विकास तथा समन्वय इकाइमा संक्षिप्त प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

(८) शिक्षा विकास तथा समन्वय इकाइले उपदफा (७) बमोजिम प्राप्त प्रतिवेदन माथि आवश्यक अध्ययन गरी जिल्लाका विद्यालयहरूमा गरिएको सामाजिक परीक्षणको समष्टिगत प्रतिवेदन तयार गरी सो को एक एक प्रति पुष मसान्त भित्रमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास निर्देशनालयमा अनिवार्य रूप□□ पठाउनु पर्नेछ ।

(९) शिक्षा विकास तथा समन्वय इकाइबाट प्राप्त हुन आएको समष्टिगत प्रतिवेदनहरूको विश्लेषण एवम् विवेचना गरी केन्द्रले विद्यालयहरूको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षणसम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

<u>९. प्रतिवेदन कार्यान्वयनः</u> (१) समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ । प्रतिवेदनमा प्राप्त सुझाव कार्यान्वयनका लागि विद्यालयले आफ्नो योजनामा समावेश गरी कार्यान्वयन गर्ने र अन्य पक्षहरूसँग सम्बन्धित पक्षहरूलाई प्रतिवेदनको प्रति सहित जानकारी गराउने र कार्यान्वयनमा सहयोग पुर्याउनु पर्नेछ ।

(२) स्थानीय तहले प्राप्त हुन आएको विद्यालयहरुको सामाजिक परीक्षण प्रतिवेदनको अध्ययन विश्लेषण गरी कार्यान्वयनमा सहयोग पुऱ्याउनु पर्नेछ र विद्यालयलाई दिइने सुविधा र निकासाका लागि सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

(३) स्थानीय तहमा विद्यालयले बजेट निकासाका लागि सामाजिक परीक्षण प्रतिवेदनलाई अनिवार्य पेश गर्नुपर्नेछ । सामाजिक परीक्षणको प्रतिवेदन पेश नगर्ने विद्यालयहरु अनुदान पाउन योग्य हुने छैनन् ।

<u>१०. खारेजी र बचाउः</u> (१) विद्यालयहरूमा सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी कार्यविधि, २०६५ खारेज गरिएकोछ

(२) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार भए गरिएका काम कारवाहीहरू यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

## अनुसुची १
### (विद्यालय व्यवस्थापन समितिले सामाजिक परीक्षण समितिलाई उपलब्ध गराउने)

क. सँस्थागत बैठक एवं निर्णय र निर्णय कार्यान्वयनको अवस्था

| क्र स | विषय | कार्यान्वयनको अवस्था | हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|
| १ | वि. व्य. स. बैठक सङ्ख्या र महत्वपूर्ण निर्णयहरु | | | |
| २ | शिक्षक अभिभावक संघ बैठक सङ्ख्या र महत्वपूर्ण निर्णय | | | |
| ३ | शिक्षक स्टाफ बैठक सङ्ख्या महत्वपूर्ण निर्णय | | | |
| ४ | सामाजिक परीक्षण समिति बैठक सङ्ख्या दिइएका प्रमुख सुझावहरु | | | |
| ५ | अभिभावक भेला संख्या र निर्णयहरु | | | |
| ६ | विद्यालयसँग सम्बन्धित योजना | | | |

ख. विद्यालयको सम्पति र उपयोग

| क्रस | सम्पति | विवरण | उपयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयको नाममा रहेको जग्गा विवरण | | | |
| २ | भवन सँख्या कोठा सँख्या | | | |
| ३ | खेल मैदान | | | |
| ४ | शौचालय | | | |
| ५ | पुस्तकालय | | | |
| ६ | प्रयोगशाला | | | |
| ७ | इन्टरनेट सुविधा | | | |
| ८ | शैक्षिक सामग्री | | | |
| ९ | उपलब्ध फर्निचर | | | |
| १० | दिवा खाजा पूर्वाधार | | | |

ग. पारदर्शीताका लागि सम्पादित कार्यहरु

| क्रस | क्रियाकलाप | सङ्ख्या | समावेश भएका प्रमुख विषय | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयबाट प्रकाशित स्मारिका ब्रोसियर | | | |
| २ | सूचनापाटी | | | |
| ३ | गुनासो पेटिका | | | |
| ४ | विद्यालय क्षेत्र भित्र डिस्प्ले | | | |

| | | | | |
|---|---|---|---|---|
| | गरिएका सामग्री | | | |

घ. विद्यालय सेवा क्षेत्रसँग सम्बन्धित

| क्रस | बिद्यालयको सेवा क्षेत्र | विद्यालय उमेर समूह | कैफियत |
|---|---|---|---|
| १ | कूल जन संख्या ......सँख्या<br>पुरुष...<br>महिला...<br>अन्य... | बिद्यालय आएकाबालबालिका संख्या—<br>सँख्या.....<br>भर्ना नभएका सँख्या.......<br>बालिका ...........<br>बालक सँख्या........ | |
| २ | सेवा क्षेत्रमा रहेका सामुदायिक अध्ययन केन्द्र एवं अन्य शैक्षिक सँस्थाहरुको नाम र विद्यालयसँगको दुरी | | |

ङ. विद्यालयमा भएको विद्यार्थी विवरण /तथ्यांक अद्यावधिक गरेको अवस्था

| कक्षा | कक्षागत विद्यार्थी विवरण | | तोकिएको उमेर भन्दा कम उमेरका विद्‌यार्थी संख्या | तोकिएको उमेर भन्दा बढी उमेरका विद्‌यार्थी संख्या |
|---|---|---|---|---|
| | छात्रा | जम्मा | | |
| प्रारम्भिक बालकक्षा | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |

च. शिक्षण सिकाइ र उपलब्धि

| क्रस | विषय | कक्षा विवरण | विद्यार्थीको औसत सिकाइ उपलब्धि |
|---|---|---|---|
| १ | कक्षा शिक्षण | .....देखि .....कक्षासम्म | |
| २ | बहुकक्षा बहु वर्ग | .....देखि ......कक्षासम्म | |

| | | | |
|---|---|---|---|
| ३ | विषयगत शिक्षण | …….देखि …….कक्षासम्म | |
| ४ | विशेष शिक्षा समावेशी स्रोत कक्षा | स्रोतकक्षा सँख्या<br>अपाङ्गता क्षेत्र | |
| ५ | समग्र विद्यालयको सिकाइ उपलब्धि | सबै कक्षाका सबै विद्यार्थीको जम्मा सिकाइ उपलब्धि | |

छ. विद्यालयका सञ्चालन

| क्रस | विषय | दिन /कार्यक्रम | विशेष उपलब्धि |
|---|---|---|---|
| १ | विद्यालय खुलेको | …….दिन | |
| २ | पढाइ भएको जम्मा दिन | ……दिन | |
| ३ | परीक्षा सञ्चालन भएको दिन | …….दिन | |
| ४ | वर्ष दिनमा भएका प्रमुख अतिरक्त क्रियाकलाप कार्यक्रम | प्रमुख क्रियाकलापको नाम | |
| ५ | विद्यालय प्रोफाइल | प्रोफाइलमा संलग्न विवरण | |
| ६ | विद्यालयबाट सञ्चालन भएका अन्य कार्यक्रम<br>क.<br>ख.<br>ग. | | |
| माहामारी वा अन्य कुनै कारणले विद्यालय सञ्चालन हुन नसकेको तर सिकाइ निरन्तर रुपमा सञ्चालन गरेको अवस्थामा भएमा सो को क्रयाकलाप समेत संलग्न गर्ने | | | |

□. विद्यालयका वार्षिक आय व्यय विवरण

| क्रस | आम्दानी अनुदान शीर्षक | प्राप्त रकम | खर्च रकम | बेरुजु भए नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

□. विद्यालयमा गत आर्थिक वर्षमा संघ संस्थाबाट भएको सहयोग

| क्रस | सहयोग उपलब्ध गराउने संघ संस्थाको नाम | सहयोगको प्रकार | समयावधि |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

□. विद्यार्थी दिवा खाजा कार्यक्रम

| क्रस | गत वर्षमा दिवा खाजाका खाने विद्यार्थी सँख्या | प्राप्त भएको बजेट | | वर्षदिनमा खरिद गरिएको खाद्य सामग्री किलोग्राम/लिटरमा | लागत |
|---|---|---|---|---|---|
| | | स्थानीय तहबाट | अन्य स्रोतबाट | | |
| १ | | | | | |
| २ | | | | | |

## अनुसूची २
## (सामाजिक परीक्षण प्रतिवेदन)

□□□□:

श्री विद्यालय व्यवस्थापन समि□□
□□□□ ........................ विद्यालय
............ पालिका वडा न ...

विषयः सामाजिक परीक्षण प्रतिवेदन

शिक्षा नियमावली २०५९ को नियम १७१ (क)बमोजिम सामाजिक परीक्षण कार्य सम्पन्न गरी देहायको ढाँचामा यो प्रतिवेदन पेश गरेका छौ ।

| क्र स | विषय | कार्यान्वयन को अवस्था | मूल्याङ्कन | | मूल्याङ्कनका आधार |
|---|---|---|---|---|---|
| १ | | लक्ष्य प्रगति | पूर्णाङ्क | प्राप्तांक | १०० नं पूर्णाङ्कमा परीक्षण गरिने । |
| | **बैठक र निर्णय कार्यान्वयन** | | १० | | |
| | विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक सँघ/ शिक्षक स्टाफ-खाजा व्यवस्थापन समितिका बैठक बसेको संख्या | | ४ | | लक्ष्य अनुसार बैठक बसेमा पूर्णाङ्क मानी बढीमा ४ अङ्क |
| | विद्यालयमा गठित विभिन्न समितिका बैठकको निर्णयको कार्यान्वयन | | ४ | | समितिमा भएका महत्वपूर्ण निर्णय सबै कार्यान्वयन भएमा पूर्णाङ्क मानी सोही अनुपातमा अंक |
| | विद्यालय सुधार योजना / गुरु योजना निर्माण | | २ | | समय अनुसार अद्यावधिक भएकालाई २ अंक र योजना मात्र बनेकोलाई १ |
| २ | **विद्यालयको नाममा रहेको जग्गा एवं स्रोतको उपयोगको अवस्था** | | १० | | |
| | भवन, कोठा र फर्निचरको पर्याप्तता र अनुकुलता | | ३ | | पर्याप्त र विद्यार्थी अनुकुल(विद्यार्थीको उचाइ र अपांगताका आधारमा) भएमा ३ अंक अन्य अवस्था हेरी पर्याप्त भएमा २ र अप्रयाप्त भएमा १ |
| | खेल मैदान र खानेपानीको पर्याप्तता | | २ | | पर्याप्त भए २,सामान्य भए १ |
| | शौचालय | | २ | | छात्र छात्राको लागि छुट्टा छुट्टै भएमा २ |
| | पुस्तकालयको व्यवस्था | | १ | | उपलब्ध भएमा १ |
| | प्रयोगशाला (विज्ञान र कम्प्यूटर) | | २ | | दुवै भएमा २ र एक वटा मात्र भएमा १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ३ | **पारदर्शीता सम्बन्धी क्रियाकलाप** | | १० | | |
| | विद्यालयबाट सम्पादन भएका क्रियाकलाप नियमित रूपमा शैक्षिक तथ्यांक सहितको ब्रोसियर प्रकाशन वा वेभसाइट वा भित्तेसूचना प्रकाशन मार्फत सार्वजनिकरण | | ४ | | शैक्षिक तथ्यांक सहितको ब्रोसियर वा वेभसाइट वा नियमित भित्तेसूचना वा अन्य कुनै प्रकाशनका माध्यमबाट सार्वजनिक गरेमा ४ अंक अन्य कुनै माध्यमबाट आंशिक जानकारी गराएमा २ |
| | सूचनापाटी र सूचना टाँसको व्यवस्था | | २ | | अद्यावधिक सूचना पाटीमा राख्ने गरेमा २ र व्यवस्था मात्र भएमा १ |
| | गुनासो पेटिका ,कार्यान्वयन र अभिलेखिकरण | | २ | | गुनासो पेटिका सहित सुनुवाइ संयन्त्र भए २ र गुनासो पेटिका मात्र भए १ |
| | विद्यालयका अ।य व्ययको विवरण सार्वजनिक | | २ | | आय व्ययको विवरण सार्वजनिक गरेमा २, अभिलेख मात्र राखेमा १ |
| ४ | **तथ्याङ्क विवरण एवं विद्यालय प्रोफाइलको प्रयोग** | | ८ | | |
| | आफ्नो विद्यालयमा आउने सम्भाव्य विद्यालय उमेर समूहका जम्मा बालबालिकाको तथ्याँक सँकलन र अभिलेखिकरण | | २ | | घरदैलोमै पुगी तथ्याँक सँकलन र खण्डीकृत अभिलेख राखेमा २, कुनै निकायबाट वा सोधपुछबाट तथ्याँक सँकलन गरेमा १ |
| | भर्ना भएका विद्यार्थीको समष्टीगत अभिलेख तयार गरी IEMIS अद्यावधिक गरेको | | २ | | प्रविधिको माध्यमबाट EMISअपडेट गरी प्रकाशित गरेमा २, अपडेट मात्र गरेमा अभिलेखहरु टिपोट सम्म गरेमा १ |
| | विद्यालय प्रोफाइल अद्यावधिक गरेको | | २ | | प्रोफाइल अद्यावधिक गरी IEMIS समावेश गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय प्रोफाइल सूचनाका आधारमा विद्यालय सुधार योजना अद्यावधिक गरेको | | २ | | योजनामा समावेश भएको आधारमा अंकन गर्ने |
| ५ | **विद्यालय सञ्चालन / उपलब्धि** | | २२ | | |
| | वार्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन | | २ | | निर्माण मात्र भएमा १,कार्यान्वयन समेत भएमा २ |
| | २२० दिन भन्दा बढी विद्यालय खुलेको | | २ | | खुलेको दिनलाई पूर्णांक मानि अंक दिने |
| | (१९२) पढाइ भएको दिन | | २ | | खुलेको दिनलाई पूर्णाङ्क मानि अंक दिने |
| | विद्यालयमा सञ्चालित कक्षा मध्ये माथिल्लो कक्षा (५ कक्षा ८ र कक्षा १० मध्ये एक ) का विद्यार्थीहरुले नेपाली अग्रेजी विज्ञान विषयमा प्राप्त गरेको औषत सिकाइ उपलब्धि | | १६ | | सत्तरी प्रतिशत भन्दा बढी भएमा १६, साठी देखि उनसत्तरी प्रतिशत भएमा १२, पचासदेखि उन्साठी प्रतिशत± भएमा ८, चालीस देखि उन्पचास प्रतिशत भएमा ६ र सो भन्दा कम भएमा भएमा ५ अंक दिने । अक्षरांक पद्दति अवलम्वन भएमा सोही आधारमाअंकन गर्ने |
| ६ | **आर्थिक प्रणालीको व्यवस्थापन** | | १० | | |
| | आय व्ययको अभिलेख अद्यावधिक गरेको | | ३ | | अघिल्लो ५ बर्ष देखिको भएमा ३, २ बर्ष देखिको भएमा २ र चालु बर्षको मात्र भएमा १ |
| | अघिल्लो बर्षको लेखा परीक्षण सम्पन्न गरेको | | २ | | आन्तरिक र बाहय |
| | लेखा परीक्षण प्रतिवेदनले दिएका कार्यान्वयन | | २ | | पूरै गरेमा २,आशिक भएमा १ |
| | बेरुजुको अवस्था | | ३ | | (बेरुजु सून्य भएमा ३, खर्च रकमको पाँच प्रतिशत भन्दा कम भएमा १ |
| ७ | **विद्यार्थी सुविधा तथा सहयोग** | | १५ | | |
| | तोकिएको तहका लागि मापदण्ड | | ३ | | खाजाको तीनै वटा पक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | बमोजिमको दिवा खाजा उपलब्ध भएको | | | | मेनु, मापदण्ड र मात्रा मिलेमा ३ दुइ वटा मिलेमा २ र एक वटा मात्र मिलेमा १ |
| | विद्यालयमा स्काउट,रेडक्रस,बालक्लबै गठन भइ क्रियाशील रहेका | | २ | | गठन भइ क्रयाशील रहेमा २ गठन मात्र भएमा १ |
| | लक्षित समूहका विद्यार्थीहरुलाइ छात्रवृति वितरण | | ५ | | सार्वजिनक समारोह गरी लक्षित सबैलाइ वितरण गरेमा, समारोह विना वितरण गरेमा र केहिलाइ मात्र वितरण गरेमा क्रमश ५, ३, १ |
| | विद्यार्थीको स्वास्थ्य उपचारको व्यवस्था | | २ | | स्वास्थ्य सेवा प्रदायकसँगको सहकार्य (स्वास्थ्य चौकी वा नर्स) मा सेवा प्रवाह गरेमा २ अन्य अवस्थामा १ |
| | अतिरिक्त क्रियाकलाप विद्यालय,अन्तर विद्यालय,अन्तर जिल्ला खेलकुद प्रतियागितामा सहभागिता र पुरस्कृत (वार्षिक कति वटामा) | | ३ | | विद्यालयले प्राप्त गरेका शील्ड,पदक तथा प्रमाणपत्रको संख्याका आधारमा ३ अंक आन्तरिक प्रतयोगिता सञ्चालन गरेमा १ |
| ८ | कार्यसम्पादन सँस्कृति | | १५ | | |
| | नियमानुसार प्रधानाध्यापकको नियुक्ति | | २ | | नियमानुसार प्र अ रहेकोमा २ अन्य अवस्था १ |
| | शिक्षकले कक्षामा बिताएको समयको अभिलेख राख्ने गरिएको | | ३ | | साप्ताहिक,पाक्षिक वा मासिक वा वार्षिक रुपमा अभिलेख राखेको अवस्थामामा अंक प्रदान गर्ने |
| | शिक्षकहरुलाई कार्यजिम्मेवारी तोकिएको | | २ | | प्रधानाध्यापक तथा शिक्षकको कक्षमा टाँस गरेको हुनुपर्ने । |
| | स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन | | २ | | निर्माण मात्र गरेको भए १ र पठनपाठन समेत भएकोमा २ |
| | तहगत शिक्षक इन्चार्जका व्यवस्था भएको | | १ | | अधारभूत र माध्यमिक तह |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालयको आफ्नै पहलमा सञ्चालन गरेको रचनात्मक कार्य | | ५ | | कार्यक्रमले पारेको प्रभावलाई हेरेर उत्कृष्ट भएमा ५ राम्रो भएमा ३ सन्तोषजनक भएमा २ अंक |
| कूल जम्मा | | | १०० | | |

२. सामाजिक परीक्षण अवलम्वन गरिएका पक्रियाहरु (मिति सहित उललेख हुनुपर्ने)

१.

२.

३.

३. सामाजिक परीक्षणका लागि आधार लिइएका दस्तावेजहरु

१.

२.

३.

४. अघिल्लो वर्षको सुझाव कार्यान्वयन अवस्था

१.

२.

३.

५. समष्टिगत सुझाव

क) विद्यालय व्यवस्थापन

१.

२.

३.

ख) शैक्षिक उपलब्धि

१.

२.

३.

४.

ग) आर्थिक अवस्था

१.

२.

३.

४.

६. सामाजिक परीक्षणमा संलग्न

(क) समितिका पदाधिकारीहरु

(ख) सम्बद्ध अन्य व्यक्तिहरु

प्रतिवेदन दिनेको नाम दस्तखत र मिति

| | |
|---|---|
| नाम : | दस्तखतः |
| नाम : | दस्तखतः |
| नाम : | दस्तखतः |
| नाम : | दस्तखतः |
| नाम : | दस्तखतः |

मिति